सधैं र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक २० ♦ २०८३ साल कार्तिक १० मंगलवार ♦ 27 Oct 2026 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ ♦ www.shirishnews.com

मधेसमा नयाँ सरकार गठनको कसरत तीव्र, एमाले-जसपा-जनमतबिच छलफल

खबर दर्पण समाचारदाता

कार्तिक ९ गते, बर्दिवास

नेकपा एमालेले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको मधेश प्रदेश सरकारको विकल्प खोज्न राजनीतिक दलहरू सक्रिय भएका छन् ।

एमाले, जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीबीच नयाँ गठबन्धन बनाएर सरकार गठन गर्ने विषयमा छलफल तीव्र बनेको छ ।

तीनै दलका नेताहरूले सरकार गठनका विषयमा सकारात्मक संवाद भइरहेको बताए पनि गठबन्धनको औपचारिक सहमति र मुख्यमन्त्रीको टुङ्गो भने लागिसकेको छैन ।

नेपाली कांग्रेसका कृष्णप्रसाद यादव नेतृत्वको वर्तमान सरकारबाट बाहिरिएको एमालेले जसपा नेपाल र जनमत पार्टीसँग सहकार्य गरेर नयाँ सरकार गठनको गृहकार्य अघि बढाएको हो ।

एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवका अनुसार वर्तमान सरकारमा सहभागी हुँदा भएका सहमति कार्यान्वयन नभएको र सरकारको कामप्रति जनस्तरबाट गुनासा आएको भन्दै पार्टीले समर्थन फिर्ता लिएको हो ।

यादवले सरकारमा चार-पाँच महिना सहभागी हुँदा पनि सहमति कार्यान्वयन नभएकाले बाहिरिनुपरेको बताए । उनका अनुसार अब प्रदेशमा राजनीतिक विकल्प निर्माण गर्न अन्य दलसँग छलफल अघि बढाइएको छ ।

उनले वर्तमान सरकारसँग भएका सहमति कार्यान्वयन नभएको र जनताले सरकारको कामको अनुभूति गर्न नसकेको विषयलाई समर्थन फिर्ता लिनुको मुख्य कारणका रूपमा प्रस्तुत गरेका छन् ।

एमाले नेता सरोजकुमार यादवका अनुसार नयाँ सरकार गठनका विषयमा एमाले अध्यक्ष केपी शर्मा ओली र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवबीच केन्द्रमा एक चरणको छलफल भइसकेको छ । उक्त छलफल सकारात्मक रहेको उनको दाबी छ ।

प्रदेश तहमा पनि जसपा नेपाल र जनमत पार्टीसँग संवाद भइरहेको उनले बताए । तीन दलबीच सहमति जुटाउने प्रयास भइरहे पनि नेतृत्व र सरकार सञ्चालनको स्वरूपबारे अन्तिम निर्णय हुन बाँकी रहेको उनको भनाइ छ ।

यादवले चाडपर्व सकिएपछि सहमतिलाई निष्कर्षमा पुर्‍याउने गरी छलफल अघि बढाइने बताए । उनका अनुसार प्रदेशको राजनीतिमा सहमति गरेर पछि हट्ने प्रवृत्ति देखिएकाले ठोस सहमति नभएसम्म अहिलेको संवादलाई अन्तिम निर्णयका रूपमा लिन सकिँदैन ।

एमालेले जसपा नेपाल र जनमत पार्टी दुवैसँग सरकार गठनका विषयमा छलफल गरिरहेको जनाएको छ । तीन दलबीच सहमति भए नयाँ गठबन्धनलाई प्रदेशसभाको बहुमत प्राप्त हुने अवस्था देखिन्छ ।

जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवले पनि एमाले, जसपा नेपाल र जनमत पार्टीबीच मिलेर नयाँ सरकार गठन गर्ने विषयमा छलफल भइरहेको बताए । उनका अनुसार तीनै दलका अध्यक्षबीच केन्द्रबाटै सहमति जुटाउने समझदारी बनेको छ ।

जसपा नेता यादवले प्रदेशसभामा आफ्नो दल सबैभन्दा ठूलो भएकाले नयाँ सरकारको नेतृत्व जसपा नेपालले गर्नुपर्ने दाबी गरेका छन् । उनका अनुसार आगामी केही दिनभित्र सरकार गठनको विषय टुङ्ग्याउने प्रयास भइरहेको छ ।

उनले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव काठमाडौं फर्किएपछि सरकार गठनबारे थप

बाँकी पृष्ठ ३ मा

राजमार्ग विस्तार: अठसट्ठी प्रतिशत समय गुज्रिँदा तिस प्रतिशत काम

खबर दर्पण समाचारदाता

कार्तिक ९ गते, बर्दिवास

राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पूर्वपश्चिम महेन्द्र राजमार्गस्थित कमला-ढल्केबर-पथलैया सडकखण्डको विस्तार कार्य अत्यन्त सुस्त बनेको छ । राजमार्गलाई चार लेनमा विस्तार गर्न सम्झौता भएको ६८ प्रतिशत समय गुज्रिसक्दा निर्माण व्यवसायीले भर्खर ३० प्रतिशत मात्र काम सम्पन्न गरेका छन् । तीन वर्षभित्र धनुषाको कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्मको ७४.७५ किलोमिटर सडकलाई बजार क्षेत्रमा छ लेन र अन्यत्र चार लेनमा विस्तार गर्न तीन खण्डमा ठेक्का लागेको छ ।

कमला-ढल्केबर-पथलैया सडक आयोजनाका प्रमुख एवं सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार दासले सडक विस्तारको काम ३० प्रतिशतभन्दा बढीले पछि परेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यही अवस्थामा तीन वर्षभित्र सडक विस्तारको काम सकिने देखिँदैन । समय थप्नैपर्ने अवस्था रहेको छ ।"

राजमार्गको पहिलो खण्ड कमला पुलदेखि बडहरीसम्म (२२ किलोमिटर) भारतको इकेके इन्फ्रास्ट्रक्चर लिमिटेड, दोस्रो खण्ड बडहरीदेखि सर्लाहीको फूलजोरसम्म (२९ किलोमिटर) चिनियाँ कम्पनी एसडब्लुइजी र नेपाली कम्पनी रसुवा कन्स्ट्रक्सन र तेस्रो खण्ड फूलजोरदेखि बागमती पुलसम्म (२३ किलोमिटर) चिनियाँ कम्पनी एसडब्लुइजी र नेपाली कम्पनी रसुवा कन्स्ट्रक्सन कम्पनीले नै ठेक्का सकार गरेका छन् । धनुषा खण्डमा ३० प्रतिशत, महोत्तरी खण्डमा २८ प्रतिशत र सर्लाहीमा ३६ प्रतिशत काम सम्पन्न भएको छ । पुल र कलभर्ट निर्माण भएकाले यति प्रगति देखिए पनि सडकको काम भने शून्य जस्तै रहेको आयोजना प्रमुख दासले बताउनुभयो । नेपाल विद्युत् प्राधिकरणले तीन हजार पोल हटाइदिनुपर्ने भए पनि अहिलेसम्म एक हजार पाँच सय जति पोल मात्रै स्थानान्तरण भएकाले पनि सडक विस्तारको काम गर्न समस्या परेको सडक आयोजनाले जनाएको छ ।

बिहीबार मात्र निर्माणाधीन सडकको अवलोकनमा आएका प्रतिनिधि सभाको पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले दुई महिनाअघि र अहिले आउँदा राजमार्ग विस्तारमा खासै प्रगति नदेखिएको बताउनुभयो । उहाँले भन्नुभयो, "साउन अन्तिम साता आउँदा र अहिले असोज अन्तिममा आउँदा जम्मा तीन प्रतिशत मात्र प्रगति भएको छ । काममा ढिलाइ हुँदा जनताले थप दुःख पाउने देखिन्छ ।"

काममा समस्या आउन नदिन खरिद ऐन र बैङ्क ऐन संशोधनसहित मूल्य समायोजनको कार्ययोजना ल्याउँदा पनि सडक विस्तारले गति नलिँदा दुःख लागेको गजुरेलले बताउनुभयो । गजुरेलसँगै सडक निरीक्षणमा आएका प्रतिनिधि सभा सदस्य राजकिशोर महतोले सडक विस्तारमा समस्या आउन नदिन बिजुलीको पोल सार्नका लागि नेपाल विद्युत् प्राधिकरणमा धाउनेसहितका काममा समन्वय गरिरहेको बताउनुभयो । निर्माण व्यवसायीले भने माटो नपाएको, निर्माण सामग्री महँगो भएको, कामदार अभाव, रुख कटानमा ढिलाइ भएको, समयमै बिजुलीको पोल नसारिएको जस्ता कारण देखाउँदै काममा ढिलाइ भएको बताउँदै आएका छन् ।

खबर दर्पण
राष्ट्रिय दैनिक

धनुषामा एक महिनामै १५९ अपराधका घटना, १०१ प्रतिवादी पक्राउ

खबर दर्पण समाचारदाता

कार्तिक ९ गते, बर्दिवास

जिल्ला प्रहरी कार्यालय धनुषाले गत असोज महिनामा अपराध अनुसन्धान तथा नियन्त्रण, फरार प्रतिवादी पक्राउ, फैसला कार्यान्वयन, लागूऔषध नियन्त्रण, ट्राफिक व्यवस्थापन र नागरिक सुरक्षालगायतका क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले सार्वजनिक गरेको असोज महिनाको प्रगति विवरणअनुसार एक महिनाको अवधिमा चालु मुद्दाका १०१ जना प्रतिवादी पक्राउ परेका छन् भने अदालतको फैसला कार्यान्वयनका क्रममा १०३ जना पक्राउ परेका छन् ।

प्रहरीले फैसला कार्यान्वयन अभियानअन्तर्गत पक्राउ परेका व्यक्तिहरूबाट ९० वर्ष एक महिना पाँच दिन कैद सजाय र ५७ लाख ८२ हजार ६ सय ६६ रुपैयाँ जरिवाना असुलउपर गर्नुपर्ने फैसला कार्यान्वयन गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार अपराध नियन्त्रण, शान्ति सुरक्षा कायम, नागरिकको गुनासो सम्बोधन र प्रहरी सेवालाई प्रभावकारी बनाउने उद्देश्यले नियमित गस्ती, चेकजाँच तथा विभिन्न लक्षित अभियान सञ्चालन गरिएको छ ।

एक महिनामा १५९ अपराधका घटना दर्ता

जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार असोज महिनामा धनुषामा विभिन्न प्रकृतिका १५९ वटा अपराधका घटना दर्ता भएका छन् । तीमध्ये ज्यानसम्बन्धी अपराधका १७, आत्महत्यासम्बन्धी सात, चोरीसम्बन्धी ३४, संगठित तथा आर्थिक अपराधसम्बन्धी १०, सामाजिक अपराधसम्बन्धी चार, सवारी दुर्घटनासम्बन्धी तथा अन्य शीर्षकका घटनासहित कुल १५९ घटना दर्ता भएको विवरणमा उल्लेख छ ।

त्यसैगरी जघन्य तथा गम्भीर अपराध, हातहतियार, मानव बेचबिखन, बैंकिङ कसुर, जुवातास तथा मुद्रासम्बन्धी अपराधलगायतका शीर्षकमा समेत मुद्दा दर्ता भएका छन् ।

अपराध अनुसन्धानलाई प्रभावकारी बनाउने उद्देश्यले प्रहरीले नियमित गस्ती, पेट्रोलिङ, चेकजाँच तथा सीमावर्ती क्षेत्रमा समन्वयलाई निरन्तरता दिएको जनाएको छ । भारतसँग सीमा जोडिएको जिल्ला भएकाले सीमापार हुने अवैध कारोबार, लागूऔषध ओसारपसार तथा अन्य आपराधिक गतिविधि नियन्त्रण प्रहरीका लागि महत्त्वपूर्ण चुनौतीका रूपमा रहँदै आएका छन् ।

प्रहरीले भारतीय समकक्षीसँग समन्वय गरी अपराध न्यूनीकरणका लागि योजना बनाएर कार्यान्वयन गरिएको पनि जनाएको छ ।

पेन्डिङ मुद्दामध्ये ८६ वटाको अनुसन्धान पूरा

जिल्ला प्रहरी कार्यालय धनुषामा सार्वजनिक चासोका १ हजार २ सय ७२ वटा पेन्डिङ मुद्दा रहेको विवरणमा उल्लेख छ । तीमध्ये असोज महिनामा ८६ वटा मुद्दाको अनुसन्धान तथा फछ्र्योट गरिएको जनाइएको छ ।

यसै अवधिमा सम्पत्ति शुद्धीकरणसम्बन्धी एक हुण्डी मुद्दा दर्ता भएको विवरणमा उल्लेख छ । आर्थिक अपराध तथा अवैध वित्तीय कारोबार नियन्त्रणका लागि प्रहरीले अनुसन्धान र निगरानीलाई प्राथमिकतामा राखेको देखिन्छ ।

लागूऔषधविरुद्धको कारबाहीमा १० मुद्दा, ११ जना पक्राउ

धनुषा प्रहरीले लागूऔषध नियन्त्रणका क्रममा असोज महिनामा १० वटा मुद्दा दर्ता गरी ११ जनालाई पक्राउ गरेको जनाएको छ । बरामद लागूऔषधमध्ये १०८ किलोग्राम गाँजा र २०४.७७ ग्राम ब्राउन सुगर (खैरो हेरोइन) रहेको विवरणमा उल्लेख छ । त्यसैगरी चरेस, अफिम तथा अन्य औषधिजन्य लागूऔषधसमेत बरामद गरिएको जनाइएको छ । विवरणमा विभिन्न नामका औषधिजन्य पदार्थ, क्याप्सुल तथा एम्पुलसमेत उल्लेख छन् ।

लागूऔषधको प्रयोग तथा कारोबारले विशेषगरी युवा पुस्ता र समुदायको सुरक्षामा असर पार्न सक्ने भएकाले यसको नियन्त्रणलाई प्रहरीले प्राथमिकतामा राखेको छ । प्रहरीको तथ्याङ्कअनुसार समुदाय केन्द्रित सचेतनामूलक कार्यक्रमअन्तर्गत लागूऔषधसम्बन्धी १३ वटा कार्यक्रम सञ्चालन गरिएको छ । ती कार्यक्रममा ३७५ जना लाभान्वित भएका छन् भने २६ जना प्रहरी जनशक्ति परिचालन गरिएको छ ।

प्रहरीले लागूऔषधविरुद्धको कारबाहीसँगै जनचेतनामूलक कार्यक्रमलाई पनि निरन्तरता दिएको जनाएको छ ।

सवारी दुर्घटनामा तीन जनाको मृत्यु, १५५ जना घाइते

असोज महिनामा धनुषामा ८६ वटा सवारी दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयको विवरणमा उल्लेख छ । ती दुर्घटनामा १३१ वटा सवारीसाधन संलग्न भएका थिए । दुर्घटनामा तीन जनाको मृत्यु भएको र १५५ जना घाइते भएको तथ्याङ्क सार्वजनिक गरिएको छ ।

प्रहरीका अनुसार दुर्घटनामा परेका १५५ जनाको उद्धार गरिएको छ । ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनमाथि कारबाही गर्दा ६९० वटा सवारीसाधन कारबाहीमा परेका छन् । त्यसबाट सात लाख २८ हजार रुपैयाँ राजस्व सङ्कलन भएको विवरणमा उल्लेख छ ।

सवारी दुर्घटना न्यूनीकरणका लागि प्रहरीले ट्राफिक चेकिङ, नियमित गस्ती तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको जनाएको छ । समुदाय केन्द्रित कार्यक्रमअन्तर्गत ट्राफिक सचेतनाका दुई कार्यक्रम सञ्चालन गरी ५५ जनालाई सहभागी गराइएको थियो ।

यद्यपि, एक महिनामै ८६ वटा दुर्घटना हुनु र १५५ जना घाइते हुनु सडक सुरक्षा अझै चुनौतीपूर्ण रहेको सङ्केत हो । चालकको लापरबाही, तीव्र गति, ट्राफिक नियमको उल्लङ्घन तथा सडकको अवस्थाजस्ता पक्षको नियमित निगरानी र प्रभावकारी नियन्त्रण आवश्यक देखिन्छ ।

घरेलु हिंसाका ८४ उजुरी, सबैमा मिलापत्र

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित घटनामा असोज महिनामा ८४ वटा उजुरी परेको जिल्ला प्रहरी कार्यालयको विवरणमा उल्लेख छ । त्यस्तै घरेलु हिंसासम्बन्धी उजुरीतर्फ पनि ८४ वटा उजुरी परेको र ती सबैमा मिलापत्र भएको तथ्याङ्क सार्वजनिक गरिएको छ ।

स्थानीय तहअनुसार घरेलु हिंसासम्बन्धी उजुरीमध्ये उपमहानगरपालिकातर्फ ४१, नगरपालिकातर्फ ३४ र गाउँपालिकातर्फ नौवटा उजुरी रहेको विवरणमा उल्लेख छ ।

यसैगरी प्रहरीले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित उजुरीको अभिलेख राख्दै पीडितलाई आवश्यक सहयोग उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको जनाएको छ ।

हराएका ६९ जनामध्ये ४१ जना फेला

असोज महिनामा महिला, पुरुष, बालक, बालिका तथा ज्येष्ठ नागरिक गरी कुल ६९ जना हराएको विवरणमा उल्लेख छ । सोही अवधिमा ४१ जना फेला परेको तथ्याङ्क सार्वजनिक गरिएको छ । प्रहरीले नागरिकबाट प्राप्त सूचना, उजुरी तथा अन्य माध्यमको प्रयोग गरी हराएका व्यक्तिको खोजी कार्यलाई निरन्तरता दिने जनाएको छ ।

ठाडो उजुरी र नागरिकका गुनासो सम्बोधनमा सक्रियता

जिल्ला प्रहरी कार्यालय धनुषामा असोज महिनामा प्रत्यक्ष रूपमा ८३८ वटा उजुरी प्राप्त भएका थिए । जिल्ला प्रशासन कार्यालयमार्फत प्रहरी कार्यालयमा आएका ३० उजुरीसमेत गरी कुल ८६८ वटा उजुरी दर्ता भएका छन् ।

तीमध्ये प्रत्यक्ष प्राप्त उजुरीबाट ५६३ र जिल्ला प्रशासन कार्यालयमार्फत आएका उजुरीमध्ये १९ गरी कुल ५८२ वटा उजुरी फछ्र्योट भएका छन् । बाँकी २८६ वटा उजुरी फछ्र्योट हुन बाँकी रहेको विवरणमा उल्लेख छ ।

यसै अवधिमा प्रहरीले नागरिक सहायता कक्षमार्फत ८ हजार ८३ जना सेवाग्राहीलाई सेवा प्रदान गरेको जनाएको छ । प्रहरी कार्यालयका हटलाइनमा २ हजार ९८५ र डीएसपीको सम्पर्क नम्बरमा ६ हजार ७२८ वटा कल आएको विवरणमा उल्लेख छ ।

अवैध कारोबार नियन्त्रणमा १३ लाखभन्दा बढीको सामान बरामद

राजस्व चुहावट तथा भन्सार छली नियन्त्रणका क्रममा प्रहरीले असोज महिनामा १३ लाख ४८ हजार ७५ रुपैयाँ मूल्य बराबरका सामान बरामद गरेको जनाएको छ । यस क्रममा एक जनालाई पक्राउ गरिएको विवरणमा उल्लेख छ ।

त्यसैगरी अवैध मदिरा नियन्त्रणका क्रममा ४५० लिटर मदिरा बरामद गरिएको छ । प्राकृतिक सम्पदा दोहन नियन्त्रणअन्तर्गत ११ वटा सवारीसाधन बरामद गरिएको र एक लाख १७ हजार रुपैयाँ जरिवाना गरिएको विवरणमा उल्लेख छ ।

अवैध वन पैदावारको चोरी तथा पैठारी नियन्त्रणका क्रममा मोटर

बाँकी पृष्ठ ३ मा

आवश्यक टेलिफोन नम्बरहरू

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

बर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शूभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्वुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

ढल्केवर ट्रमा सेन्टर निर्माणको प्रक्रिया अघि बढि सक्यो, शिलान्यास छिट्टै हुन्छ : स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री मेहता

खबर दर्पण समाचारदाता
कार्तिक ९ गते, बर्दिवास

सङ्घीय सरकारका स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले धनुषाको ढल्केवरमा स्वीकृत क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणको टेन्डर प्रक्रिया अघि बढिसकेको बताउनुभएको छ।

आइतबार ट्रमा सेन्टर निर्माणका लागि प्रस्तावित जग्गाको स्थलगत निरीक्षण गर्दै मन्त्री मेहताले टेन्डरसम्बन्धी कागजात स्वास्थ्य मन्त्रालयबाट हस्ताक्षर भएर पूर्वाधारसम्बन्धी निकायमा पठाइसकिएको जानकारी दिनुभयो। उहाँले प्रक्रिया पूरा भएपछि टेन्डर आह्वान हुने र त्यसपछि निर्माणको काम अघि बढ्ने बताउनुभयो।

"ट्रमा सेन्टर बन्छ कि बन्दैन भन्ने अन्योल अब राख्नुपर्दैन। यो आयोजना सरकारको बहुवर्षीय योजनामा समावेश भइसकेको छ," मन्त्री मेहताले भन्नुभयो। उहाँले निर्माणस्थलको निरीक्षणबाट आवश्यक तयारी उपयुक्त देखिएको उल्लेख गर्दै छिट्टै शिलान्यास हुने विश्वास व्यक्त गर्नुभयो।

स्थानीयवासीले लामो समयदेखि ट्रमा सेन्टर निर्माणको आश्वासन पाउँदै आए पनि काम सुरु नभएकाले आयोजना कार्यान्वयनप्रति आशङ्का व्यक्त गर्दै आएका छन्।

निरीक्षणका क्रममा प्रतिनिधिसभा सदस्य राजकिशोर महतोले भवन निर्माणको काम सुरु भएपछि मात्रै स्थानीयवासी विश्वस्त हुने बताउनुभयो। उहाँले आश्वासनभन्दा निर्माण कार्यको सुरुवात महत्त्वपूर्ण रहेको उल्लेख गर्दै शिलान्यासको प्रक्रिया छिटो अघि बढाउन मन्त्रीको ध्यानाकर्षण गराउनुभयो।

"ट्रमा सेन्टरका नाममा यहाँका नागरिक लामो समयदेखि आश्वासन पाउँदै आएका छन्। अब आश्वासनले मात्र चित्त बुझाउने अवस्था छैन। भवन निर्माण सुरु भएपछि मात्रै विश्वास जाग्छ," उहाँले भन्नुभयो।

निरीक्षणमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलसहित सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति थियो।

जनकपुरधामस्थित जानकी मन्दिरमा १०८ पाहुर, १४२ वर्ष पुरानो परम्परा निरन्तर

खबर दर्पण समाचारदाता
कार्तिक ९ गते, बर्दिवास

मिथिलाञ्चलमा कोजाग्रत पूर्णिमा धार्मिक तथा सांस्कृतिक परम्पराअनुसार मनाइँदैछ। यस अवसरमा महोत्तरीको र तौलीबाट प्रत्येक वर्षझैँ यस वर्ष पनि १०८ पाहुर जनकपुर धामस्थित जानकी मन्दिरमा ल्याइएको छ।

महोत्तरीको रतौलीस्थित स्वर्गीय महेन्द्रप्रसाद ठाकुरको घरबाट ल्याइएको पाहुरबाट भगवान् सीतारामको चुमाओन गर्ने परम्परा छ। करिब १४२ वर्षदेखि निरन्तर चल्दै आएको यस परम्परालाई आगामी पुस्तासम्म कायम राख्ने प्रतिबद्धता नवीन ठाकुरले व्यक्त गरे।

पाहुरमा पान, मखान, लड्डु, खाजा, चामल, दाल, तरकारीलगायतका सामग्रीका साथै भगवान् राम र माता जानकीका लागि कपडासमेत ल्याइएको छ।

कोजाग्रत पूर्णिमाका अवसरमा जानकी मन्दिरमा भजनकीर्तनसहित विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिन्छन्। यस अवसरमा हास्यपरिहासका कार्यक्रमसमेत हुँदै आएको जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले बताए।

मिथिलाञ्चलमा कोजाग्रत पूर्णिमाको नवविवाहित दम्पतीका लागि पनि विशेष महत्त्व छ। यस दिन बेहुलाको ससुरालीबाट पाहुर ल्याउने र त्यसैबाट बेहुलाको चुमाओन गर्ने परम्परा छ। चुमाओनपछि विशेष मन्त्र उच्चारण गर्दै बेहुलालाई दुर्वाक्षत दिइन्छ। त्यसपछि बेहुलाको घरमा भोजभतेर आयोजना गर्ने चलन छ।

यस पर्वमा पान र मखान गाउँघरमा बाँड्ने परम्परासमेत रहेको छ। धार्मिक आस्था र सांस्कृतिक परम्परासँग जोडिएको कोजाग्रत पूर्णिमा मिथिलाञ्चलमा पारिवारिक भेटघाट, आपसी सद्भाव र उत्सवका रूपमा मनाइन्छ।

धनुषामा एक महिनामै १५९ अपराधका घटना................

साइकल एक र ट्र्याक्टर एक गरी दुईवटा सवारीसाधन नियन्त्रणमा लिइएको छ। यस क्रममा १६५.९७ क्विन्टल वन पैदावार बरामद गरिएको र २० हजार ७४६ रुपैयाँ राजस्व तथा जरिवाना प्राप्त भएको विवरणमा उल्लेख छ।

विपद्का २७ घटनामा तीन जनाको मृत्यु

असोज महिनामा धनुषामा आगलागी, करेन्ट लाग्ने, जनावरको आक्रमण, पानीमा डुब्ने तथा अन्य प्रकृतिका गरी २७ वटा विपद्सम्बन्धी घटना भएको विवरणमा उल्लेख छ। ती घटनामा तीन जनाको मृत्यु भएको र २० जना घाइते भएको तथ्याङ्क सार्वजनिक गरिएको छ।

प्रहरीले विपद्का घटनामा उद्धार तथा राहतसम्बन्धी कार्यमा समेत जनशक्ति परिचालन गरेको जनाएको छ। विपद्का कारण भएको क्षतिको प्रारम्भिक विवरणअनुसार नौ लाख २० हजार रुपैयाँ बराबरको क्षति भएको उल्लेख छ।

प्रहरीले विपद् व्यवस्थापनलाई ध्यानमा राख्दै सम्बन्धित निकायसँग समन्वय र आवश्यक उद्धार कार्यलाई निरन्तरता दिएको जनाएको छ।

समुदाय केन्द्रित ९३ कार्यक्रम, २ हजार ५३५ जना लाभान्वित

धनुषा प्रहरीले समुदाय तथा विद्यालय केन्द्रित सचेतनामूलक कार्यक्रमलाई पनि प्राथमिकता दिएको छ। असोज महिनामा समुदाय केन्द्रित विभिन्न शीर्षकमा ९३ वटा कार्यक्रम सञ्चालन गरिएको र ती कार्यक्रमबाट २ हजार ५३५ जना लाभान्वित भएको विवरणमा उल्लेख छ।

कार्यक्रममा लागूऔषध नियन्त्रण, आत्महत्या न्यूनीकरण, साइबर अपराध, ट्राफिक सचेतना, महिला हिंसा, बालविवाह तथा अन्य सामाजिक विषय समेटिएका थिए। साइबर अपराधसम्बन्धी आठ कार्यक्रमबाट १९५ जना र ट्राफिक सचेतनासम्बन्धी दुई कार्यक्रमबाट ५५ जना लाभान्वित भएको विवरणमा उल्लेख छ।

यसैगरी नगराइन नगरपालिका-२ मा आयोजित सार्वजनिक सुनुवाइ तथा नागरिक सुनुवाइ कार्यक्रममा ११० जना सहभागी भएका थिए। कार्यक्रममा लागूऔषध सेवन र ट्राफिक व्यवस्थापनका विषय उठाइएको प्रहरीले जनाएको छ।

अनुचित लेनदेनका चार निवेदनमा मिलापत्र

अनुचित लेनदेनसम्बन्धी समस्याको समाधानका लागि असोज महिनामा चारवटा निवेदनमा मिलापत्र तथा फछर्योट भएको विवरणमा उल्लेख छ। यस क्रममा कुल १३ लाख रुपैयाँ बराबर को रकम मिलापत्र भएको र १२ कट्ठा घरजग्गा फिर्ता भएको जनाइएको छ।

अनुचित लेनदेनका कारण आर्थिक तथा सामाजिक समस्यामा परेका व्यक्तिलाई न्याय दिलाउन सम्बन्धित निकायको सक्रियता महत्त्वपूर्ण हुन्छ। प्रहरीको तथ्याङ्कले यस क्षेत्रमा पनि विवाद समाधानका प्रयास जारी रहेको देखाउँछ।

प्रहरीको मनोबल र सेवा सुधारमा जोड

जिल्ला प्रहरी कार्यालय धनुषाले प्रहरी कर्मचारीको मनोबल वृद्धि गर्न उत्कृष्ट प्रहरी घोषणा गरी पुरस्कार प्रदान गर्ने तथा आवश्यकताअनुसार आलोपालो बिदाको व्यवस्था मिलाउने काम गरेको जनाएको छ। पीडितसँग पुनः भेटघाट कार्यक्रमलाई पनि नवप्रवर्तनात्मक तथा रचनात्मक गतिविधिका रूपमा समावेश गरिएको छ।

नागरिकता तथा अन्य कागजातसम्बन्धी मुचुल्का तयार गर्ने क्रममा ३५१ वटा नागरिकतासम्बन्धी र १२ वटा अन्य कागजातसम्बन्धी मुचुल्का गरिएको विवरणमा उल्लेख छ। हतियार नवीकरणसम्बन्धी ११० वटा मुचुल्कासमेत गरी कुल ३६३ वटा मुचुल्का तयार गरिएको जनाइएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक खनालका अनुसार अपराध न्यूनीकरणका लागि दैनिक गस्ती, नियमित चेकजाँच, सीमापारका सुरक्षा निकायसँग समन्वय तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ।

महोत्तरीको रतौलीमा परम्परागत हनुमानजीको झण्डा मेला सुरु

महोत्तरीको पिपरा गाउँपालिका-६ स्थित रतौलीमा कोजाग्रत पूर्णिमाको अवसरमा परम्परागत हनुमानजीको झण्डा मेला सुरु भएको छ। मेलाको अवसरमा महावीर हनुमानजीका ६ वटा ध्वजा झण्डामा ठड्याइएको हो ।

रतौलीमा प्रत्येक वर्ष आश्विन पूर्णिमा अर्थात् कोजाग्रत पूर्णिमाका दिन हनुमानजीको पूजा, आराधना तथा मेला आयोजना गरिँदै आएको छ। स्थानीयवासीले सामूहिक रूपमा श्रद्धा र भक्तिपूर्वक यो पर्व मनाउँदै आएका छन्। यस अवसरमा रातभर जाग्राम बसेर हनुमानजीको आराधना गर्ने गर्छन ।

मेला समितिका अनुसार २०८३ साल कात्तिक ९ गते सोमबारदेखि सुरु भएको मेला कात्तिक १२ गतेसम्म सञ्चालन हुनेछ।-खबरदर्पण

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

सवारी साधनमा सीट बेल्ट लगाउनुहोस् !

"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन !"

औरही नगरपालिका

महोत्तरी

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
स्वस्थ्य निर्देशनालय

सिन्धुली अस्पताल सिन्धुली

शिलबन्दी बोलपत्र आह्वानको गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८३।०७।१०

यस सिन्धुली अस्पतालमा तपशिलमा उल्लेखित गरिए अनुसार स्पेशिफिकेशन सहितको मेडिकल उपकरणहरु खरिद गर्नुपर्ने भएकोल इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुले प्यान वा भ्याट दर्ता प्रमाणपत्र, आ.व.२०८२।०८३ को करचुक्ता प्रमाणपत्र, लगायतका कागजातहरु संलग्न राखि यो सूचना प्रकाशित भएको २१ (एक्काईस) दिन भित्र निम्न शर्तहरको अधिनमा रहने गरी रितपूर्वक बोलपत्र प्रस्ताव पेश गर्न यो सूचना आह्वान गरिन्छ ।

१. तोकिएको धरौटी रकम रा.वा.बैंक, सिन्धुलीमा रहेको, प्रदेश को.ले.नि.का., सिन्धुलीको धरौटी हिसाब नं. १०६०१००२०२०३०००० र कार्यालय कोड नं. ३७००१२५०१३ मा दाखिला गरिएको दोश्रो प्रति सक्कल बैंक भौचर वा ७५ दिन म्याद भएको (क) श्रेणीको मान्यता प्राप्त बैंकको विडवण्ड बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
२. बोलपत्र खरिद दस्तुर वापतको रकम यस कार्यालयको कोड नं. कायम गरी राजश्व शिर्षक नम्बर १४२२९, राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको भौचर संलग्न राख्नु पर्नेछ ।
३. बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम मिति सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट अन्तिम मिति मानिनेछ ।
४. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हनेछ ।
५. विस्तृत जानकारीको लागि अस्पताल प्रशासन शाखामा ९८५४०४२५७५ मा सम्पर्क राख्नुहोला ।

सि.नं.	ठेक्का सूचना नं.	कार्य विवरण	लागत अनुमान (मु.अ.कर बाहेक)	जमानत/धरौटी रकम	बोलपत्र दस्तुर रु.	बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय	बोलपत्र दर्ता गर्ने मिति र समय	बोलपत्र खोल्ने मिति र समय
१	NCB-SH-07-083/084	विभिन्न मेडिकल उपकरणहरु	५०,००,०००।-	१,२५,०००।-	३,०००।-	(मिति २०८३।०७।३० गते ५:०० बजेसम्म) कार्यालय समय भित्र)	(मिति २०८३।०८।०१ गते १२:०० बजेसम्म) कार्यालय समय भित्र)	मिति २०८३।०८।०१ गते २:०० बजे

मोटर साइकल हरायो

मिति २०८३।०६।३० गते धनुषा जिल्ला क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ९ इच्छापुर स्थित घर मा पार्किंग गरिराखेको ठाउँबाट राती १ बजे तीर तपसील अनुसारको विवरण भएको मोटर साइकल हराएको हुँदा फेला पार्नु हुने महानुभावले मेरो मोबाइल नं ९७०४२५०५४८ वा ९८१५८६६९५३ मा सम्पर्क गर्नु हुन वा नजिकै को प्रहरी चौकीमा बुझाइ सहयोग गरि दिनु हुन अनुरोध छ।

तपसील

इन्जिन नं : CE8HS2X35953
च्यासिस नं : MD634BE8552H36219
सवारी नं : म.प्र. ०२-०१० प ३१७५
मोसा कम्पनी : TVS अपाची १६० सि.सि.
रंग : रातो
सवारी धनीको नाम : विनोद कुमार मुखिया

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजीको ३० दिने सूचना

यस कार्यालयमा मिति २०७०।०६।१७ मा दर्ता भएको कुर्मि ट्रेड एण्ड कन्स्ट्रक्सन कम्पनी प्राइभेट लिमिटेड .(प्रा.ली. नं. ११६६९६) नामको कम्पनीले दफा १३६ क अनुसार बिशेष दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्मेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,